राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं

Monthly Publication

Volume 24, Issue 2 No. 167 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bhadra 2081 (August/September-2024)



## नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा संगीता पहाडी अर्याल नियुक्त

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को प्रबन्ध निर्देशकमा संगीता पहाडी अर्याल नियुक्त हुनुभएको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०५/२० को निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८१/०५/२३, च.नं. संस्थान: ४६० (ख) को नियुक्ति पत्रबाट उहाँलाई कम्पनीको प्रबन्ध निर्देशक पदमा चार वर्षको पदावधि रहने गरी नियुक्त गरिएको छ ।

यस अघि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८०/०६/१७ को निर्णय (मा. मन्त्रीस्तर) बमोजिम उहाँले सोही मितिदेखि कम्पनीको निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो ।

नवनियुक्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले भारतको अलाहावाद युनिभर्सिटीबाट बी.ई. र थाइल्याण्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट एम.ई. गर्नुभएको छ । उहाँले २०४९ चैत्र २३ बाट तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा इन्जिनियर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गर्नुभई २०५१ फाल्गुण १० मा कम्पनीको सेवामा स्थायी नियुक्ति लिनुभएको थियो भने उहाँ २०७८ माघ १८ गते नायव प्रबन्ध निर्देशक पदमा नियुक्त हुनुभएको थियो ।



प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल

नवनियुक्त प्रबन्ध निर्देशकको पदभार ग्रहण तथा स्वागत कार्यक्रममा कम्पनीका प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापाले प्रबन्ध निर्देशक ज्यूलाई स्वागत गर्दै उहाँको नियुक्ति पत्र वाचन गर्नुभएको थियो । उक्त स्वागत कार्यक्रममा कम्पनीका प्रमुख प्राविधिक अधिकृत , प्रमुख सञ्चालन अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, कम्पनी सचिव लगायत विभिन्न बिभाग तथा निर्देशनालयका प्रमुख, प्रबन्धकहरु लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

पदभार ग्रहण गर्नुहुँदै प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले आफूप्रति नेपाल सरकारले देखाएको विश्वास र सद्भावका लागि नेपाल सरकार, प्रधानमन्त्रीज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू तथा सञ्चार सचिवज्यूप्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले आफूले भूमिका मात्र निर्वाह गर्ने र सफलताको हिस्सेदार सबै कर्मचारीहरु रहने कुरा व्यक्त गर्दै आफ्नो आफ्नो ठाउँबाट भूमिका बमोजिम कार्यसम्पादन गर्नका लागि सबै कर्मचारीहरुलाई आग्रह गर्नुभयो । करिब ११ महिना कम्पनीको निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हालेको अवस्थामा कम्पनीलाई अगाडी बढाउने कोशिश गरेको र अब झनै कोशिश गरी अझै उचाइमा लैजानुपर्ने जिम्मेवारी आफ्नो काँधमा आइपुगेको उल्लेख गर्दै प्रबन्ध निर्देशक अर्यालले हामी सक्छौं र हामी गर्न सक्छौं, भन्ने सन्देश दिन ध्यान दिएर कार्य सम्पादन गर्नका लागि आग्रह समेत गर्नुभयो ।

(बाँकी पृष्ठ २ मा)

## उत्तरी गोरखाको रूइला नाका सम्म नेपाल टेलिकमको मोबाइल सेवा विस्तार



साम्दोमा रहेको नेपाल टेलिकमको BTS

नेपाल टेलिकमले गोरखा जिल्लाको भौगोलिक रुपमा अत्यन्त विकट उत्तरी भेगको तिब्बत नाका तर्फको मार्ग, मनास्लु हिमाल क्षेत्र, मनास्लु पदमार्ग तथा संरक्षण क्षेत्र, लार्केपास, मनाङ पदमार्ग तथा चुमनुब्री गाँउपालिका अन्तर्गतका बिभिन्न स्थानहरुमा मोबाइल सेवा विस्तार गरेको छ । स्वदेशी तथा बिदेशी पर्यटकहरुको अत्यधिक चहलपहल तथा भ्रमण हुने उक्त क्षेत्रहरुमा ग्राहकहरुको मागलाई लक्षित गरी कम्पनीले Voice तथा Data सेवाको विस्तारका साथै कतिपय स्थानमा क्षमता अभिवृद्धि तथा गुणस्तर सुधार गर्ने कार्य समेत सम्पन्न गरेको हो ।

जिल्लाको अति विकट चुमनुब्री गाउँपालिकाका जगत, सल्लेरी, सिर्दिबास, विहि, प्रोक, नामरुंग, श्यो, ल्हो, सामागाउँका साथै चीनको सिमानामा पर्ने रूइला नाकाको अन्तिम गाउँ साम्दो सम्म कम्पनीले 2G सेवाको क्षमता अभिवृद्धि गर्नुका साथै द्रुत गतिको 4G सेवा समेत सञ्चालन गरेको छ ।

ल्हो, सामागाउँ, तथा गमलाडाँडामा रहेका साइटहरुमा VSAT प्रविधिलाई Microwave Transmission Link ले प्रतिस्थापन गरी 2G सेवाको गुणस्तर सुधार एवम् क्षमता अभिवृद्धि तथा 4G सेवा सञ्चालन गर्नुका साथै श्योडाँडा र साम्दोमा नयाँ साइट निर्माण गरी 2G तथा 4G मोबाइल सेवा सञ्चालन गरिएको छ ।




श्योडाँडामा रहेको BTS

समग्र नेटवर्क विस्तार तथा गुणस्तर सुधार कार्यमा आवश्यक

(बाँकी पृष्ठ २ मा)

# वीर अस्पतालमा बेड कम चेयर वितरण

नेपाल टेलिकमले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपालकै सबैभन्दा पुरानो अस्पताल वीर अस्पतालमा बेड कम चेयर उपलब्ध गराएको छ । यही भाद्र ५ गते कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेललाई १०० थान बेड कम चेयर हस्तान्तरण गर्नुभयो ।

नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत रीना डंगोल, प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका



प्रबन्धक तथा उपप्रबन्धक लगायत कर्मचारीहरु एवम् अस्पतालका प्रमुख अस्पताल नर्सिङ प्रशासक संगिता श्रेष्ठ लगायतको उपस्थितिमा सम्पन्न उक्त हस्तान्तरण कार्यक्रममा प्रबन्ध निर्देशक अर्यालले देशकै गहनाको रुपमा रहेको सरकारी अस्पताललाई सहयोग गर्न पाउँदा खुशी व्यक्त गर्नुका साथै आगामी दिनमा कम्पनीको तर्फबाट अन्य तवरबाट पनि निरन्तर सहयोग गर्ने बाचा गर्नुभयो ।

उक्त कार्यक्रममा बोल्दै अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले आधुनिक चिकित्सा सेवा र चिकित्सा शिक्षालाई नेपालमा अबलम्बन गर्ने पहिलो अस्पतालको गर्बिलो इतिहास भएको वीर अस्पतालमा सेवाको छरितोपनलाई चुस्त बनाईराख्नका लागि नेपाल टेलिकमको रचनात्मक सहयोगको लागि




धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा रहेको उल्लेख गर्नुभयो । निर्देशक डा. पौडेलले सेवाग्राहीको अत्यधिक चाप हुने स्थान भएकोले बिरामी तथा बिरामी कुरुवाको अपेक्षा बमोजिम आरामका लागि कुर्सीको व्यवस्था गर्न समस्या भईरहेको अवस्थामा नेपाल टेलिकमले उक्त समस्यामा मलहम लगाउन सघाएकोमा कृतज्ञता समेत व्यक्त गर्नुभयो ।

बिरामी तथा निजका आफन्तको अधिक भिडभाड हुने वीर अस्पतालमा बिरामी कुरुवाले रातीको समयमा सुत्नका लागि तथा दिनको समयमा आराम गर्नका लागि दुवै तरिकाले प्रयोग गर्न सकिने यस किसिमको बेड कम चेयरको उपलब्धताले केही हदसम्म अस्पतालको सेवा प्रवाहमा टेवा पुग्ने विश्वास कम्पनीले लिएको छ ।

(पृष्ठ १ को बाँकी)

## उत्तरी गोरखाको रुइला नाका सम्म...

सहजीकरण र समन्वय गर्नुभएका चुमनुब्री गाँउपालिका वडा नं १ का वडा अध्यक्ष कर्मा छेवाङ लामाले भौगोलिक हिसाबले अत्यन्त विकट रहेको स्थानमा समेत नेपाल टेलिकमले सेवा सञ्चालन गरेसँगै यस भेगका स्थानीयवासी, घुम्न आउने पर्यटकहरु तथा यस भेगका पर्यटन लगायत अन्य व्यवसायीहरुलाई ठूलो राहत पुग्ने भन्दै नेपाल टेलिकम प्रति अत्यन्त आभार व्यक्त गर्नुभयो । मोबाइल सेवा विस्तारबाट उक्त क्षेत्रका वासिन्दामा सञ्चारको पहुँच कायम हुनुका साथै समस्यामा परेको समयमा पर्यटकहरुको उद्दार कार्यमा समेत सहजता हुने विश्वास कम्पनीको रहेको छ ।

# नेपाल टेलिभिजनसँग व्यवसाय प्रवर्द्धन सम्बन्धी सम्झौता सम्पन्न



नेपाल टेलिभिजनमा नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धी सम्झौता भएको छ । गत साउन २९ गते सम्पन्न यस सम्बन्धी सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल र नेपाल टेलिभिजनको तर्फबाट कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले हस्ताक्षर गर्नुभयो ।

सम्झौता अनुसार नेपाल टेलिभिजनका एनटीभी, एनटीभी न्युज, एनटीभी प्लस, एनटीभी इटहरी र एनटीभी कोहलपुरबाट नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धन सम्बन्धी सामग्री प्रसारण गरिने छ । नेपाल टेलिभिजनबाट प्रसारण हुने समाचार तथा हास्य प्रधान र लोकप्रिय कार्यक्रम प्रसारण हुनु अगाडि यस्ता सामग्री प्रसारण गरिने छ ।

सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले नेपाल टेलिकम र नेपाल टेलिभिजन दुवैको सेवा देशका गाउँगाउँमा पुगेको र त्यहाँका जनतालाई नेपाल टेलिकमको सेवा बारेमा सुसूचित गर्नका लागि नेपाल टेलिभिजनको सहयोग महत्वपूर्ण हुने बताउनु भयो । दुवै संस्थाबिच भौतिक पूर्वाधारको क्षेत्रमा समेत सहयोग आदानप्रदान भइरहेको स्मरण गर्दै प्रबन्ध निर्देशक पहाडीले आगामी दिनमा हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले जनताको विश्वास जितेको नेपाल टेलिकमले नेपाल टेलिभिजनलाई विश्वास गरेकोमा आभार प्रकट गर्दै लामो समय देखि चलिरहेको यो विश्वासको परम्परा आगामी दिनमा समेत चलिरहने विश्वास व्यक्त गर्नुभयो । उहाँले टेलिकम र टेलिभिजनको क्षेत्रमा नयाँ नयाँ प्रविधि भित्रिरहेको समयमा विभिन्न चुनौतीहरुलाई सामना गर्नका लागि मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

समारोहमा नेपाल टेलिकमको तर्फबाट प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ र प्रमुख व्यावसायिक अधिकृत रीना डंगोल तथा नेपाल टेलिभिजनको तर्फबाट महाप्रबन्धक फूलमान वल तामाङ तथा व्यापार महाशाखाका निर्देशक राजकुमार थापा र व्यापार प्रवर्द्धन शाखाका प्रमुख अशोक घिमिरेको समेत सहभागिता रहेको थियो ।

(पृष्ठ १ को बाँकी)

## नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा संगीता...

लोकसेवा आयोग, अर्थ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सञ्चालक समितिमा रहेका निर्णय हुन बाँकि विषय टुंगोमा पुर्‍याउने र बढुवाको सन्दर्भमा देखिएका चुनौतीलाई विनियमावली संशोधन मार्फत सम्बोधन गरी अब आउने बढुवा प्रक्रियामा नै कर्मचारीले अनुभूति गर्न पाउने तवरले कार्यान्वयन गर्ने समेत प्रतिवद्धता व्यक्त गर्नुभयो ।

यसका साथै उहाँले सेवाहरुको गुणस्तर सुधार, FTTH र मोबाइल सेवाको विस्तार, 5G सञ्चालन गर्नुपर्ने आवश्यकता, गाउँगाउँका स्थानीय तहहरुमा यथाशीघ्र FTTH सेवाको विस्तार, NT On Wheel (NOW) को निरन्तरताका साथै रिचार्जकार्ड तथा सिमकार्डका साथसाथै FTTH सेवा पनि डिलर मार्फत वितरण गर्ने व्यवस्था मिलाउने कार्यहरु आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । व्यवसाय प्रवर्द्धन र राजश्व अभिवृद्धि नभई कम्पनीको प्रगति नहुने भएकोले डाटाको प्रयोग बढाउनुका साथै प्रभावकारी तवरले अझै बढी ग्राह्यता दिएर नयाँ Value Added Service (VAS) हरु लागु गरी राजश्व अभिवृद्धितर्फ ध्यान दिने र भ्वाइस तर्फ घटेको राजश्वलाई सम्बोधन गर्ने गरी कार्यसम्पादन गरिने उहाँले बताउनुभयो ।

नवनियुक्त प्रबन्ध निर्देशकले पदको गरिमा र सबैको आफूप्रतिको विश्वासलाई उच्च प्राथमिकतामा राखेर संस्थालाई थप उचाइमा लैजान आफ्नो पूर्ण उर्जा खर्चिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व (CSR) गतिविधि



नेपाल टेलिकमले आर्थिक वर्ष २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विविध कार्यक्रमहरु सञ्चालन गरेको छ । सबै व्यावसायिक क्रियाकलापहरुमा कम्पनीले सामाजिक उत्तरदायित्व प्रतिको प्रतिवद्धता व्यक्त गर्दै आएको छ । कम्पनीले गत आर्थिक वर्षमा पनि पुराना कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै थप नयाँ कार्यहरु गरेको छ । समग्रमा गत आर्थिक वर्षमा कम्पनीले गरेको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका मुख्य कार्यहरु निम्न छन् :

### हरियाली संरक्षण तथा वृक्षरोपण :

नेपाल टेलिकमले काठमाडौंको माइतीघर देखि तिनकुने सम्मको सडक खण्डमा हरियाली संरक्षण तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गरेको छ । यस अन्तर्गत मौसमी फूलका बिरुवाहरु रोप्ने, रुखहरु तथा दुबो रोप्ने, गोडमेल गर्ने र काँटछाँट गर्ने लगायतका सुन्दरता अभिवृद्धि गर्ने क्रियाकलापहरु सञ्चालित छन् ।

यसैगरी कम्पनीले पार्कहरुको सौन्दर्य बढाउने कार्यका लागि त्रिभुवन पार्क, थानकोटमा १० ओटा पिकनिक सेडको निर्माण एवम् रङरोगन कार्य, मदन भण्डारी पार्क, सुविधानगरमा जेष्ठ नागरिक विश्रामस्थल तथा सेल्फी प्वाइन्टको निर्माण र घोराही उपमहानगरपालिकामा अवस्थित पत्रकार महासंघ दाङ शाखाको प्राङ्गणमा रहेको कृष्णसेन स्मृति पार्क मर्मत सम्भार तथा सौन्दर्य अभिवृद्धि कार्य सम्पन्न गरेको छ ।

### विद्यालयमा विभिन्न भौतिक तथा शैक्षिक सामग्री वितरण :

आर्थिक वर्ष २०८०।८१ मा नेपाल टेलिकमले सरकारी तथा सामुदायिक विद्यालयहरुमा फर्निचर, कम्प्युटर, झोला, ट्र्याकसुट लगायतका विभिन्न भौतिक तथा शैक्षिक सामग्रीहरु उपलब्ध गराएको छ ।

यस कार्यक्रम अन्तर्गत नुवाकोट जिल्लाको ककनी स्थित श्री कालिका मा.वि. लाई रु. १ लाख बराबरको फर्निचर उपलब्ध गराइएको छ । यसैगरी स्याङ्जा जिल्लाको बिर्घामा अवस्थित जनता आधार भूत विद्यालय तथा जनता माध्यमिक विद्यालयमा ३३३ थान ट्र्याकसुट वितरण गरिएको छ । साथै सात वटै प्रदेशका सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत ३५०० विद्याथीहरुलाई स्कूल ब्याग समेत उपलब्ध गराइएको छ । देशका विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक विद्यालयका पुस्तकालयहरुको स्तरोन्नति तथा आधुनिकीकरण गर्न आर्थिक सहयोग गर्ने कम्पनीको योजना बमोजिम चितवन जिल्लाको पवित्र धार्मिकस्थल देवघाटधाम स्थित गार्गी कन्या गुरुकुलमा E-Library को स्थापना गर्न कम्प्युटर लगायत विविध सामग्री सहयोग गरिएको छ ।

साथै देशभरका २० जिल्लाका १/१ सरकारी/सामुदायिक विद्यालयमा महिला स्वास्थ्यमा सहयोग पुग्ने गरी महिला स्वास्थ्य सामग्री Sanitary Pad Vending Machine (With Sanitary Pads) उपलब्ध गराइएको छ ।

### वातावरण सरसफाई:

धार्मिक मठ मन्दिर, पुरातात्विक एवम् पर्यटकीय स्थल, बसपार्क, सार्वजनिक पार्क तथा बगैंचा लगायतका ३५ महत्वपूर्ण सार्वजनिक स्थलहरुमा आवश्यकता बमोजिम डस्टवीन वितरण गरिएको छ ।

### वृद्धाश्रम, बाल आश्रम लगायतका संरक्षणस्थलमा सहयोग :

सात वटै प्रदेशका २० ओटा वृद्धाश्रम, बाल आश्रम, फरक क्षमता भएका व्यक्तिहरुलाई संरक्षण गर्ने संस्था तथा सामुदायिक केन्द्रहरुमा भोजन एवम् न्यानो कपडा र ब्ल्याङकेट सहयोग गरिएको छ ।

यसका साथै विभिन्न वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई सहयोग गर्ने कार्यक्रम अन्तर्गत रविभवनमा रहेको 'आमाको घर' लाई विभिन्न किसिमका सामग्री उपलब्ध गराइएको छ । सामुदायिक भवन निर्माणमा आर्थिक सहयोग अन्तर्गत दाङको घोराही उपमहानगरपालिकामा रहेको जजरागाउँ टोल विकास संस्थाद्वारा सञ्चालित महिला सामुदायिक भवन मर्मत सम्भारका लागि आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

### अस्पतालमा बेड कम चेयर वितरण :

नेपाल टेलिकमले नेपालको सबैभन्दा पुरानो अस्पताल वीर अस्पताल लगायत अन्य सरकारी तथा सामुदायिक अस्पतालमा आउने बिरामीका कुरुवाहरुले आराम गर्न सहज होस् भन्ने उद्देश्यले बेड कम चेयर उपलब्ध गराएको छ । यस अन्तर्गत कम्पनीले वीर अस्पताललाई १०० थान, कान्ति बाल अस्पताललाई ३० थान, मानव अंग प्रत्यारोपण केन्द्र (सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र), भक्तपुरलाई २० थान तथा किर्तिपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र प्रादेशिक अस्पताल भद्रपुर, कोशी प्रदेशलाई १०/१० थान बेड कम चेयर उपलब्ध गराएको हो । यसै कार्यक्रम अन्तर्गत अर्घाखाँची जिल्ला अस्पताल र प्यूठान जिल्ला अस्पतालमा १०/१० थान तथा मोरङ जिल्लाको




रंगेली अस्पताल र मदन भण्डारी ट्रमा सेन्टर मंगलबारेमा ५/५ थान बेड कम चेयर उपलब्ध गराइएको छ । यसरी जम्मा वितरित बेड कम चेयरको संख्या २०० थान रहेको छ ।

### विद्यालयमा इन्टरनेट सेवा :

नेपाल टेलिकमले विद्यालयहरुमा पटनपाठन कार्य सहज होस् र विद्यार्थीले इन्टरनेटको सहज प्रयोग गर्न सकुन् भन्ने उद्देश्यले FTTH सेवा पुगेका देशभरका विभिन्न १०० ओटा सरकारी तथा सामुदायिक विद्यालयहरुमा ५० Mbps गतिको FTTH इन्टरनेट १ वर्ष सम्मका लागि निःशूल्क उपलब्ध गराएको छ । त्यसैगरी FTTH सेवा नपुगेका ७ वटै प्रदेशका विभिन्न ५० ओटा सरकारी तथा सामुदायिक विद्यालयहरुमा १ वर्ष सम्मका लागि Namaste Wi-Fi (WBB) राउटर सहितको 4G इन्टरनेट प्याकेज निःशूल्क उपलब्ध गराएको छ ।

# नेपाल टेलिकमको प्रिपेड मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा स्वतः उपलब्ध

नेपाल टेलिकमले गत साउन ३० गते देखि सबै प्रिपेड मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रमिक रुपमा स्वतः उपलब्ध हुने व्यवस्था मिलाएको छ । यसअघि प्रिपेड ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सेवा सक्रिय (Active) गराउनु पर्ने अवस्था रहेकोमा अब भने सबै प्रिपेड ग्राहकहरुको मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रमिक रुपमा स्वतः उपलब्ध हुनेछ ।

सेवाग्राहीले *1415*7# डायल गरे पश्चात उपलब्ध हुने मेनुबाट उपयुक्त विकल्प छनौट गरी आफ्नो मोबाइलमा रोमिङ सेवा उपलब्ध भएर नभएको यकिन गर्न सक्नेछन् । अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु भएका ग्राहकहरुले नेपाल टेलिकमकै सिम प्रयोग गरी विदेशमा पनि भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सक्नेछन् । नेपाल टेलिकमले रोमिङ सेवा उपलब्ध गराएका भारत वाहेकका अन्य देशहरुमा यो सुविधा क्रमशः उपलब्ध हुनेछ । भारतमा यो सेवा उपयोग गर्नका लागि भने नेपालमै रहँदा आफ्नो मोबाइलबाट युएसएसडी कोड *1415*7# डायल गरी वा नेपाल टेलिकम एपमार्फत अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गर्न सकिन्छ । नेपालमा भएको समयमा रोमिङ सेवा एक्टिभ नगरी विदेश गएमा त्यहींबाट पनि यो सेवा एक्टिभ गर्नको लागि roaming.support@ntc.net.np मा इमेल मार्फत अनुरोध गर्न सकिन्छ ।

नेपाल टेलिकमको प्रिपेड मोबाइलमार्फत हाल ४० देशमा रोमिङ सुविधा प्रयोग गर्न सकिन्छ । सेवाग्राहीले विश्वका विभिन्न ४० देशमा नेपाल टेलिकमकै प्रिपेड मोबाइल मार्फत भ्वाइस, डाटा र एसएमएस सेवा चलाउन सक्छन् । यसका लागि ती देशहरुमा रहेका ५४ अपरेटरसँग सम्झौता सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ ।

नेपाल टेलिकमले विदेशमा जाने वा बस्ने नेपालीहरुलाई लक्षित गरी उपलब्ध गराएका विभिन्न सुविधा मध्ये रोमिङ सेवा निकै नै उपयोगी साबित भएको छ । अब कम्पनीका सबै प्रिपेड ग्राहकहरुको मोबाइल नम्बरमा स्वतः रोमिङ सेवा उपलब्ध भए पश्चात सेवाग्राहीले अझै सहज तरिकाले यो सेवा प्रयोग गर्न सक्नेछन् ।

# हुम्लाको सदरमुकाम सिमकोटमा नेपाल टेलिकमको एनटी फाइबर

नेपाल टेलिकमले हुम्लाको सदरमुकाम सिमकोटमा एफटीटीएच (फाइबर टु द होम) प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध गराएको छ । आज (२०८१ साउन ३२ गते) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले भर्चुअल रुपमा सो सेवाको शुभारम्भ गर्नुभयो । यससँगै

(बाँकी) पृष्ठ ४ मा

(पृष्ठ ३ को बाँकी)

## हुम्लाको सदरमुकाम...

नेपाल टेलिकमको एनटी फाइबर नेपालका सबै जिल्लामा पुगेको छ ।

सो अवसरमा मन्त्री गुरुङले डिजिटल नेपाल बनाउने अभियानमा सरकार लागेको र नेपालका सबै स्थानीय निकायका कार्यालय सम्म दूरसञ्चार सेवा पुयाउने कार्यका लागि नेपाल टेलिकमले महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । सरकारको एक महत्वपूर्ण कदमको रुपमा देशका ७७ वटै जिल्लामा फाइबर सेवा पुगेको र यसबाट आगामी दिनमा अझै महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा उहाँले गर्नुभयो । यो महत्वपूर्ण उपलब्धिका लागि मन्त्री गुरुङले नेपाल टेलिकमलाई धन्यवाद प्रदान गर्नुभयो ।



नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले कम्पनी र सरकारका लागि यो महत्वपूर्ण दिन भएको बताउँदै सेवा उपलब्ध गराउने कार्यमा सहयोग पुयाउनु हुने जनप्रतिनिधि र कर्मचारी सबैलाई धन्यवाद प्रदान गर्नुभयो । आगामी दिनमा समेत सेवालाई अझै प्रभावकारी बनाउनका लागि उहाँले सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल ले पहिले कपर प्रविधिबाट इन्टरनेट सेवा उपलब्ध भइरहेकोमा अब अन्य जिल्लामा जस्तै हुम्ला जिल्लामा पनि फाइबरबाट इन्टरनेट सेवा उपलब्ध हुने र सेवामा पनि स्तरोन्नति हुने बताउनु भयो । कर्णालीका विकट जिल्लाहरुमा समेत नेपाल टेलिकमले आफ्नो स्रोत, साधन र सम्भाव्यताका आधारमा सेवा विस्तार गरिरहेको र यस्ता स्थानमा सोलारबाट समेत सेवा सञ्चालन गरेको बताउनु भयो । आगामी दिनमा सडक र विद्युतको पहुँचसँगै सेवाको गुणस्तरमा समेत स्तरोन्नति हुने उहाँले बताउनु भयो ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्धक मिलन श्रेष्ठ, प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेशका निर्देशक उमेश प्रसाद साह र दू.सं.का. सुर्खेतका कार्यालय प्रमुख बरिष्ठ इन्जिनियर सुष्मा गौतमले हुम्ला र समग्र कर्णाली प्रदेशमा नेपाल टेलिकमको सेवा बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा हुम्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य छिरिङ डम्डुल लामा र अन्य जनप्रतिनिधिहरुका साथै मन्त्रालय र नेपाल टेलिकमका उच्च पदस्थ अधिकृतहरुको समेत सहभागिता रहेको थियो ।

हाल हुम्लामा उपलब्ध गराएको एनटी फाइबर सेवामार्फत साविकमा उपलब्ध हुँदै आएको एडीएसएल सेवाको तुलनामा थप गुणस्तरीय सेवा उपलब्ध हुनेछ । आगामी दिनमा बढी क्षमताको इन्टरनेट, टेलिफोन र टेलिभिजन सुविधा उपलब्ध हुनेछ । यससँगै देशका ७७ वटै जिल्लामा एफटीटीएच प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध भएको छ । देशको दूरसञ्चार क्षेत्रको विकासमा यसलाई एक महत्वपूर्ण कदम तथा कोशेढुङ्गाको रुपमा हेरिएको छ ।

## नेपाल टेलिकम र ललितपुर महानगरपालिकाबीच समझदारी पत्रमा हस्ताक्षर

नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौं र ललितपुर महानगरपालिका बीच ललितपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका २९ वटा वडा कार्यालयहरू, २१ वटा वडा स्वास्थ्य केन्द्रहरु, ८ वटा महाशाखा/शाखा/बल/केन्द्र/आयोजना समेत गरी जम्मा ५८ वटा स्थानमा नेपाल टेलिकमको FTTH इन्टरनेट सेवा जडानको सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

नेपाल टेलिकमले उल्लेखित सम्पूर्ण सेवाको जडान तथा संचालनको लागि नेपाल टेलिकमको FTTH Optical Fiber Network मार्फत Connectivity Service उपलब्ध गराउने तथा Service Level Agreement (SLA) अनुरूप Service प्रदान गर्ने र ललितपुर महानगरपालिकाले सेवाको संचालनको लागि आवश्यक उपकरण (FTTH CPE बाहेक) हरुको खरिद, जडान, संचालन तथा मर्मत सम्भार गर्नेगरी उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

अन्तर सरकारी निकाय सम्झौता (G2G) अवधारणा अनुसार नेपाल टेलिकमको FTTH Network मार्फत अविछिन्न Optical Fiber Network उपलब्ध गराउने र आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने गरी गरिएको उक्त समझदारी पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेशका निर्देशक रीना डंगोल र महानगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत रेखा दास श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

## नेपाल टेलिकम र चन्द्रागिरि नगरपालिकाबीच सम्झौता



नेपाल टेलिकम र चन्द्रागिरि नगरपालिकाबीच नगरपालिका मातहतका वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य केन्द्रहरु, नगर अस्पताल र सामुदायिक बिद्यालयहरुलाई एउटै नेटवर्क कनेक्टिभिटीमा जोड्नका लागि अन्तर सरकारी निकाय सम्झौता (G2G) अवधारणा अनुसार गत साउन २१ गते सम्झौता सम्पन्न भएको छ ।

सम्झौता अनुसार नगरपालिका कार्यालय र नगरपालिका अन्तर्गतका १५ वटै वडा कार्यालयहरु, १५ वटै स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरु, २४ वटै सामुदायिक विद्यालयहरु र १ नगर अस्पतालमा इन्ट्रानेट लीज लाइन, ईन्टरनेट सेवा र सीसीटिभी कनेक्टिभिटी लगायतका सेवा नेपाल टेलिकमले प्रदान गर्नेछ । यसका साथै २०० भन्दा बढी सार्वजनिक स्थानमा वाइफाइ हटस्पटको सेवा पनि नेपाल टेलिकमले प्रदान गर्नेछ । नेपाल टेलिकमले नगरपालिकाको सूचना प्रवाहको लागि विभिन्न चोकहरुमा डिजिटल बोर्डको पनि व्यवस्था गर्नेछ ।

हस्ताक्षर कार्यक्रममा नगर प्रमुख गिरीले नगरपालिकाले प्रदान गर्ने डिजिटल सेवा तथा जिपिएस/जिआइएस सहितको नगर प्रोफाइलका सेवाहरु अवलम्बन गर्न यस सम्झौताले पूर्वाधार र सहजीकरणको भूमिका खेल्ने कुरा बताउनु भयो ।

उक्त सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेशका निर्देशक रीना डंगोल र नगरपालिकाको तर्फबाट नगर प्रमुख घनश्याम गिरीले हस्ताक्षर गर्नुभएको छ ।

## सिन्धुली जिल्लाका स्थानीय निकायमा नेपाल टेलिकमको लिज तथा फाइबर सेवा

सञ्चारको पहुँच सबै ठाउँमा पुऱ्याउने कम्पनीको लक्ष्य बमोजम नेपाल टेलिकम सिन्धुलीको सेवा विस्तार तथा प्रमुख जिल्ला अधिकारी भरत खनालको विशेष पहलमा जिल्लाका कमलामाई र दुधौली नगरपालिकाका साथै हरिहरपुरगढी, फिक्कल, मरिन, सुनकोशी, गोलान्जोर, तीनपाटन र घ्याङ्लेख गाउँपालिकामा लिज लाइन जडान कार्य सम्पन्न भएको छ ।

FTTH विस्तार कार्य अन्तर्गत कपर प्रविधिबाट सञ्चालित सिन्धुली एक्सचेन्ज, भिमान एक्सचेन्ज र दुधौली एक्सचेन्ज लाई उच्च गतिको फाइबर प्रणाली (FTTH) मा रुपान्तरण गर्नुका साथै खुर्कोट एक्सचेन्ज तथा ५१२ लाइन क्षमताको नयाँ झाँगाझोली एक्सचेन्ज समेत सञ्चालनमा आइसकेको छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal